● अनुरोधः यो टाँस्ने पत्रिका हो । सबैले पढ्न मिल्ने गरी भित्तामा टाँसिदिनुहोला ।


# जूनकीरी

मासिक भित्ते पत्रिका

वर्ष– २, अंक– १, भदौ २०६१, (Aug., 2004) काठमाडौं


# बाल दिवसमा पनि शान्तिक्षेत्र घोषणा भएन

राजधानीको प्रदर्शनीमार्गमा अरु दिनजसो सवारी साधन चलेका छैनन् । भरिभराउ भएर आउने माइक्रोबस विद्यार्थीहरू उतार्दै बाटो लाग्दैछन् । छेउको भृकुटीमण्डप ब्यानर र बालअधिकारका नारा लेखिएका प्ले कार्ड बोकेका केटाकेटीहरूले भरिएको छ । यो तामझामलाई सँगैको रत्नराज्यलक्ष्मी क्याम्पसको मूल गेटमा उभिएर हेर्दैछ एउटा बालक, उत्सुकतापूर्वक । भीड सडक छोपेर नजिकै आउन थालेपछि 'बाल दिवस सफल पारौं' लेखिएको प्ले कार्डमा उसका आँखा पर्छन् । अनि बल्ल उसलाई यो बालदिवसको झाँकी रहेछ भन्ने ज्ञान हुन्छ । ऊ फर्केर आफ्नो काममा जान्छ ।

यो घटना भदौ ४ गते अर्थात् बालदिवसको हो । हो, रत्नराज्यलक्ष्मी क्याम्पसको क्यान्टिनमा काम गर्ने यी बालक विश्वास थापा जस्तै धेरै बालकहरूलाई यसपालीको बालदिवसले पनि छोएन ।

नेपालमा विगत ४३ वर्षदेखि बालदिवस मनाइँदै आएको पाइन्छ । बालबालिकाहरूका लागि विशेष कार्यक्रम गर्नुपर्छ भन्ने सोच अनुरुप ४ भदौ २०२१ मा नेपाल बाल संगठनको स्थापना भएको थियो । श्री ५ मुमा बडामहारानी रत्नराज्यलक्ष्मी देवी शाहको जन्म दिनको अवसर पारेर सोही दिनदेखि नेपालमा बालदिवस मनाउन थालिएको हो । यस दिन यस्तैगरी हजारौं बालबालिका सडकमा उतारेर झाँकी देखाइन्छ । अनि ठूल्ठूला तारे होटलमा गोष्ठी र सेमिनार गरिन्छ । तर, त्यसले विश्वास जस्ता हजारौं बालबालिकाहरूलाई छुँदैछुँदैन ।

समाजकल्याण परिषद्को एक तथ्यांक अनुसार गत वर्ष मात्र बालबालिकाका क्षेत्रमा काम गर्ने ४२ वटा गैरसरकारी संस्थाहरूले ११ करोड ३६ लाख रुपैयाँ यो क्षेत्रमा खर्च गर्ने अनुमति लिएका थिए । यस्तै अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले गत वर्ष ६४ करोड साढे सात लाख रुपैयाँ खर्च गर्ने सम्झौता गरेका थिए । अरु थुप्रै रुपैयाँ पनि आउँछ । त्यो रकम कता खर्च हुन्छ थाहा हुँदैन ।

संयुक्त राष्ट्रसंघको बालअधिकार महासन्धि अनुसार कुनै पनि देशको राष्ट्रिय कानुनमा अन्यथा तोकिएकोमा बाहेक १८ वर्षमुनिका सबै व्यक्तिलाई बालबालिका सम्झनुपर्छ । मानसिक र शारीरिक रुपमा बालबालिका कमजोर हुने हुँदा उनीहरूलाई शिक्षा दिई स्वास्थ्य सेवा पुऱ्याउनु, माया, स्नेह गर्नु, हेला, दुर्व्यवहार, शोषणबाट बचाउनु र यसका निम्ति बालबालिकाले संरक्षण पाउनु बालअधिकार हो । तर, नेपालमा भदौ ४ गते मात्र यस्ता कुरा उठ्छन् । नेताहरूले भाषण गर्छन् । बालबालिकालाई सडकमा उतारेर ऱ्याली गरिन्छन् अनि पत्रिकाहरूले लेख्छन् । तर, पढ्न नपाएका, शोषणमा परेका बालबालिकाहरूको समस्या जहाँको तहीँ हुन्छ । भदौ ४ गते जस्तोसुकै प्रतिबद्धता दोहोऱ्याइए पनि अर्को साल भदौ ४ गते नआई तिनको याद कसैले गर्दैन ।

केही समय अघि बालबालिकाका लागि १० वर्षे कार्ययोजना प्रस्ताव गरिएको छ । तर, त्यसको कार्यान्वयनतर्फ सरकारको ध्यान जान सकेको छैन । यसपटकको बाल दिवसको अवसरको दिन पारेर सरकारले 'बालबालिकालाई शान्ति क्षेत्र' घोषणा गर्न खोजेको थियो । तर, गम्भीर रुपमा गृहकार्य गर्न नसक्दा असफल भयो । द्वन्द्व प्रभावित क्षेत्रका विद्यालयहरूमा ७५ प्रतिशत बालबालिकाहरू नियमित रुपमा विद्यालय जान नपाएको बताइन्छ । विद्यालयमा द्वन्द्वरत दुवै पक्षका सेनाहरू परेड खेल्छन् । यस्तो जटिल समस्याको समाधानका लागि कम्तिमा यस्तो दिन कोशेढुंगा बन्नुपर्थ्यो । त्यही पनि औपचारिकता मैं बित्यो ।

● **तुला अधिकारी**

# छात्रवृत्ति पाएपछि पढ्नमा उत्साहित भए बालिकाहरू

दाङको ढिकपुर गाउँ विकास समिति, वडा नं. ६ अस्वरी बस्ने प्यारेलाल विकको चाहना र क्षमता छोरीलाई पढाउने थिएन । छोरालाई जसोतसो विद्यालयमा पढाएको भएपनि उनले आर्थिक कारणले छोरीलाई विद्यालय पठाएका थिएनन् । तर, अब प्यारेलाल छोरीलाई विद्यालय पठाउन राजी भएका छन् ।

प्यारेलालका दुई छोरा र एक छोरी भएपनि छोरीलाई मात्र उनले विद्यालय पठाएका थिएनन् । उनकी छोरी बसन्ती विक यतिबेला ढिकपुर गाविसस्थित मकुण्डाँडा प्राविमा कक्षा ३ मा पढिरहेकी छिन् । परिवारको आर्थिक अवस्था कमजोर रहेपनि बसन्तीको पढाई कक्षामा राम्रो रहेको छ । पढाइकै आधारमा उनले यूनिसेफ नेपालले उपलब्ध गराएको छात्रवृत्ति प्राप्त गरेकी छिन् । सो छात्रवृत्ति नै उनका लागि पहिलो सहयोग र प्रेरणा भएको छ । गरिब तथा विपन्न बालिकालाई प्रदान गरिने छात्रवृत्ति अन्तर्गत सो विद्यालयमा यूनिसेफ अन्तर्गत १७ बालिकाले छात्रवृत्ति प्राप्त गरेका छन् । यूनिसेफले उनीहरूलाई एकजोर पोशाक, झोला, तीस/तीस वटा कपी, सीसाकलम र पेन्सिलकटर उपलब्ध गराएको थियो । यूनिसेफबाट प्राप्त ती पाठ्यसाम्रगी नै बसन्तीका लागि पढ्नमा उत्साह थप्ने वस्तु भएका छन् ।

"बुबाले पढाउन सक्दिनँ भन्नुभएको थियो, कपी, कलम र पोशाक पाएपछि बुबा खुशी हुनुभएको छ," बसन्ती भन्छिन् । बसन्तीले पाएको कपी र कलम दाजु र भाइका लागि पनि काम लागेको छ । बसन्ती आफ्नो भाइसँगै सोही विद्यालयमा एउटै कक्षामा पढिरहेकी छिन् ।

विद्यालयमा यूनिसेफ नेपालले उपलब्ध गराएको



तस्वीर : सुदर्शन रिजाल

**यूनिसेफको सहयोगमा शिक्षा कार्यालयमार्फत् छात्रवृत्ति पाएपछि पढाईलाई निरन्तरता दिइरहेका ढिकपुर मकुण्डाडाका छात्राहरू ।**

बाहेक अन्य खाले छात्रवृत्ति पनि नपुगेका होइनन् । तर, पैसाको तुलनामा पाठ्यसामग्री दिने तरिका बढी उपयोगी सिद्ध भएको छ । सोही विद्यालयमा कक्षा ५ मा अध्ययनरत विमला चौधरी पैसाको कारण पढाइ छोड्नुपरेको आफ्नो दाजुजस्तै हुनु नपरोस् भन्छिन् । विमलाका दाजु तारा चौधरीले पाँच कक्षा पास गरेपछि पढ्नै छाडिदिए । गतवर्ष पाएको कपी, कलम र झोलाले विमलालाई अहिले पनि पढ्न प्रेरित गरेको छ । यसवर्ष पाइने/नपाइने केही थाहा नभएको बताउँदै विमला भन्छिन्, "पोहोर साल कलम र कपी पाएपछि निकै सजिलो भयो ।"

छात्रवृत्ति पाउनेहरूमा पिछडिएका दलित र जनजाति बालबालिकाहरू धेरै रहेका छन् । छात्रवृत्तिको प्रभावले विद्यालयका शिक्षकशिक्षिकाहरू समेत खुशी देखिएका छन् । विद्यालयका शिक्षक बाबुराम विक विद्यालय जानबाट वञ्चित पाँचवर्ष उमेरसम्मको एउटा पनि बालबालिका विद्यालय वरपर नरहेको बताउनुहुन्छ । विद्यालयले निजी स्रोतबाट राखिएका तीनजना शिक्षकलाई तलब खुवाउन विद्यार्थीबाट लिइने भर्ना शुल्क विपन्न परिवारका केटाकेटीसँग नलिइएको निमित्त प्रधानाध्यापक डिल्लीराज पोखरेल बताउनुहुन्छ ।

जिल्ला शिक्षा कार्यालय दाङका अनुसार, दुई वर्षदेखि यूनिसेफ नेपालले सहयोग प्रदान गर्न थालेपछि जिल्लामा डकाउ कार्यक्रम लागू गरिएका १० वटा गाविसका विद्यालयमा बालबालिकाको संख्या बढ्न थालेको छ । यूनिसेफ लगायतका दातृसंस्थाले छात्रालाई लक्षित गरी छात्रवृत्ति कार्यक्रम संचालन गरेपछि बालिका भर्नादरमा वृद्धि भएको जिशिका दाङका प्राथमिक शिक्षा परियोजना अधिकृत जागेश्वर घिमिरे बताउनुहुन्छ ।

● **शरद अधिकारी/दाङ**

# स्वागत कार्यक्रमले तेब्बर विद्यार्थी बढे

विद्यालय स्वागत कार्यक्रम सञ्चालन भएपछि सप्तरी जिल्लाका ५० वटा गाविसमा विद्यार्थी भर्ना संख्यामा तीन गुणा वृद्धि भएको छ । जिल्ला शिक्षा कार्यालय सप्तरीले यूनिसेफको सहयोगमा विद्यालय स्वागत कार्यक्रम संचालन गरेपछि यो परिणाम आएको हो । यस वर्षको शैक्षिक सत्र सुरु हुनुभन्दा अगाडि संचालन भएको यो कार्यक्रमले ५० गाविसका दलित तथा पिछडिएका वर्गका बालबालिकाले विद्यालय भर्ना भई शिक्षाको उज्यालो घाम हेर्न पाउने भएका छन् ।

शिक्षा कार्यालय राजविराजले दिएको जानकारी अनुसार, कक्षा एकदेखि पाँचसम्म ३२ हजार तीन सय पाँच जना छात्र तथा २५ हजार ९ सय ५८ जना छात्राको संख्या पुगेको छ । जबकि अघिल्लो वर्ष शैक्षिक सत्रमा एक देखि पाँच कक्षासम्म १५ हजार आठ सय ४७ जना छात्र, ११ हजार दुई सय ६० जना छात्रा रहेका थिए ।

यस वर्ष कक्षा ९ मा १४ हजार एक सय ८३ जना छात्र, १२ हजार चार सय ४१ जना छात्रा रहेका छन् । जबकि गत वर्ष पाँच हजार सात सय ६५ जना छात्र, चार हजार दुई सय १५ जना छात्रा मात्र रहेको कुरा जिशिअ रामविलास राय यादवले बताउनुभयो ।

एक सय १४ गाविस र एक नपा रहेको सप्तरीमा ५० वटा गाविसहरूमा विद्यालय स्वागत कार्यक्रम लागू भएको छ । विद्यालयहरूमा ५० प्रतिशतभन्दा बढी विद्यार्थी विद्यालय नजाने गरेको तथ्यांक शिक्षा कार्यालयको रहेको थियो । सप्तरीमा १७ हजार बालिका र आठ हजार बालक विद्यालयबाट हाल पनि बाहिरै रहेको तथ्यांक यूनिसेफको सर्वेक्षणले देखाएको छ ।

● **शिवहरि भट्टराई**



तस्वीर : खगेन्द्र भण्डारी

**बालकैमा जिम्मेवारी : काभ्रे तिमालगाउँकी ११ बर्षीया विबीमाया तामाङ सानै उमेरमा भाइबहिनीको जिम्मेवारी लिन बाध्य छिन् । यो समस्या अति सामान्य भए पनि बाध्यात्मक रुपमा आइदिंदा बालबालिकाको अध्ययनलाई समेत असर गर्ने गर्दछ ।**

# दादुरा : जनसमुदायले जान्नैपर्ने कुराहरू

**१. दादुरा रोग भनेको के हो ?**

दादुरा रोग बाल-बालिकाहरूको मृत्यु गराउने एक प्रमुख रोग हो । यो रोग सूक्ष्म जीवाणु (भाइरस) बाट लाग्छ । दादुरा रोग ज्यादै छिटो एक अर्कामा सर्छ र महामारीको रुप लिन सक्छ ।

**२. दादुरा रोग कसरी सर्छ ?**

दादुरा रोग बिरामीको थुक, खकार, सिंगानबाट सर्दछ र हावाको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दछ ।

**३. दादुरा रोगमा के कस्ता लक्षणहरू देखा पर्छन् ?**

सुरुमा धेरै ज्वरो आउँछ, रुघा-खोकी लाग्छ, हाछ्यूँ आउने र नाकबाट पानी बग्ने हुन्छ, आँखा रातो हुने, आँसु बग्ने हुन्छ, शरीरमा स-साना राता बिमिराहरू देखा पर्छन् । बिमिराहरू शुरुमा कानको पछाडि देखिन्छन् । त्यसपछि अनुहार र शरीरका अन्य भागमा देखिन्छन् । बिमिरा देखा परेको ५/६ दिनपछि आफै सुकेर हराउन थाल्छन् ।

**४. दादुरा रोग लागेमा के कस्ता जटिलताहरू हुन सक्छन् ?**

झाडा पखाला लाग्ने, निमोनिया हुने, कुपोषण हुने, कान पाक्ने, मस्तिष्क ज्वरो आउने ।

**५. दादुरा रोगको कसरी उपचार गर्ने त ?**

दादुरा रोगको खास कुनै उपचार छैन । उपचार भन्नु नै यस रोगबाट हुने जटिलताहरूको उपचार गर्नु हो । जस्तै : निमोनिया भएका बच्चालाई निमोनियाको उपचार गर्ने, पखाला लागेको बच्चालाई पुनर्जलिय उपचार गर्ने, दादुरा रोग लागेका प्रत्येक बिरामीलाई अनिवार्य रुपमा भिटामिन ए क्याप्सुल खुवाउनु पर्दछ ।

**६. दादुरा रोग लाग्नबाट कसरी बच्ने ?**

दादुरा रोगबाट बच्ने सबै भन्दा भरपर्दो उपाय समयमा दादुरा विरुद्धको खोप दिनु हो ।

**७. खोप कहिले लगाउने त ?**

यो खोप नियमित खोप कार्यक्रमको माध्यमबाट ९ महीना देखि १ वर्ष पुग्नु अघि नै एक पटक लगाउनु पर्छ । यदि दादुरा खोप १ वर्षको उमेर भित्र लगाउन छुटेमा २ वर्ष भित्र सम्म पनि लगाउन सकिन्छ । नियमित खोपको अतिरिक्त दादुरा खोप अभियानमा ९ महिनादेखि १५ वर्ष मुनिका सबै बाल-बालिकाहरूलाई दादुरा खोप लगाउनै पर्छ ।

**८. किन त यो अभियानमा ९ महीना देखि १५ वर्ष मुनिका बाल–बालिकाहरूलाई दादुरा खोप दिने ?**

नेपालमा यो रोग धेरैजसो १५ वर्ष मुनिका बाल-बालिकाहरूलाई लाग्ने गरेको पाइएकोछ । दादुरा खोप ९ महीनाको उमेर देखि मात्र लगाइन्छ । त्यसैले यस अभियानमा ९ महीना देखि १५ वर्ष मुनिका सबै बाल-बालिकाहरूलाई दादुरा खोप दिने भनी श्री ५ को सरकारले निधो गरेको हो ।

## राष्ट्रिय दादुरा खोप अभियान

**९. दादुरा खोप अभियान कहिले हुन्छ त ?**

यो अभियान पूर्वाञ्चल र मध्यमाञ्चल क्षेत्रका ३५ जिल्लाहरूमा २०६१ साल आश्विन ५ गते शुरु हुनेछ ।

पश्चिमाञ्चल, मध्य-पश्चिमाञ्चल र सुदूर-पश्चिमाञ्चल क्षेत्रका ३४ जिल्लाहरूमा पौष २० गते शुरु हुनेछ । ६ वटा हिमाली जिल्लाहरू (हुम्ला, जुम्ला, मुगु, डोल्पा, मनाङ्ग र मुस्ताङ्ग) मा २०६२ साल बैशाख महीनामा सञ्चालन गरिनेछ ।

यो राष्ट्रिय दादुरा खोप अभियान एक पटक मात्र हुन्छ । त्यसैले यस अभियानमा कुनै बाल-बालिका पनि छुट्नु हुँदैन ।

**१०. दादुरा खोप कहाँ गएर लगाउने ?**

हरेक गाविस र नपाको वडा कार्यालय, धेरैजसो विद्यालयमा पनि खोप केन्द्र सञ्चालन गरिनेछ ।

**११. पहिले दादुरा खोप लगाइसकेको बच्चालाई फेरि यो खोप दिनुपर्छ र ?**

पर्छ, पहिले नै दादुरा खोप लगाएको भए पनि यस अभियानमा दोहोऱ्याएर खोप दिनु पर्छ । दोस्रो मात्रा खोपले कुनै प्रकारको हानि नोक्सानी हुँदैन, बरु पूर्ण सुरक्षा निश्चित हुन्छ ।

**१२. पहिले नै दादुरा रोग लागिसकेको बच्चालाई दादुरा खोप दिनुपर्छ र ?**

पर्छ, यदि बच्चालाई पहिले नै दादुरा रोग लागिसकेको भए पनि त्यस बच्चालाई दादुरा खोप दिनु पर्छ ।

**१३. बिरामी बच्चालाई पनि दादुरा खोप लगाउन हुन्छ त ?**

हुन्छ, बच्चालाई सामान्य ज्वरो, रुघा-खोकी, झाडापखाला लागेको भए पनि दादुरा खोप लगाउन हुन्छ ।

**१४. अभियानमा दादुरा खोप लगाएपछि बच्चालाई फेरि दादुरा खोप लगाउनु पर्दैन त ?**

९ महिनादेखि १ वर्ष उमेरका शिशुहरूलाई पहिला दादुरा खोप नलाएको भए पूर्ण सुरक्षाको लागि अभियानमा खोप लगाए पनि नियमित खोप सेवाबाट फेरि १ मात्रा दादुरा खोप लगाउनु पर्छ ।

### याद गर्नुहोस्

- **पहिले दादुरा खोप लगाएको होस् वा नलगाएको होस्,**
- **यस अभियानमा ९ महिनादेखि १५ वर्ष मुनिका सबै बाल–बालिकाहरूलाई दादुरा खोप दिनै पर्छ,**
- **दादुरा रोग लागेका प्रत्येक बिरामीलाई भिटामिन ए क्याप्सुल खुवाउनु पर्दछ ।**


यूनिसेफ नेपालको सहयोगमा शिक्षा पत्रकार समूह, अनामनगरद्वारा प्रकाशित, फोनः ४–२५७६५५, फ्याक्सः ४–२१८६८६ इमेलः ejg@ntc.net.np, वेवसाइटः www.ejgroup.org, पो.ब.नं. २१८४३, मुद्रणः युनाइटेड ग्राफिक्स प्रिन्टर्स, न्यूप्लाजा, काठमाडौं, सम्पादनः पदम गौतम